गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :२०८३।८४ (रोजगार, सीप तथा उद्यमशीलता केन्द्र) मिति: २०८३।०७।१६
च.नं. : ने.सं. ११४६ कौलागा, ८ सोमवार

विषय:- नि:शुल्क तालिम सञ्चालनको सूचना ।

(सूचना प्रकाशित मिति २०८३।०७।१६ गते)

गोदावरी नगरपालिका रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको आ. व. २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम "सीप विकास तालिम" अन्तर्गत यस पालिका भित्रका रोजगारीको खोजीमा रहेका व्यक्तिहरुकालागि ३० दिन अवधिको अकाउन्टिङ (लेखा व्यवस्थापन) तालिम निम्न मिति, समय र स्थानमा संचालन हुने भएकाले तपसिल बमोजिमको योग्यता भएका व्यक्तिहरुले उल्लेखित म्याद भित्र आवश्यक कागजात सहित नगरपालिका स्थित रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा आवेदन दिन हुन सूचित गरिन्छ।

(क) तालिमको विषय :– अकाउन्टिङ तालिम (लेखा व्यवस्थापन)
(ख) आवश्यक शैक्षिक योग्यता :– लेखा मूल विषय भई न्यूनतम कक्षा १२ उत्तिर्ण भएको ।
(ग) उमेर :– १६ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
(घ) आवश्यक प्रशिक्षार्थी संख्या :– १५ जना ।
(ङ) दरखास्त बुझाउने अन्तिम मिति :–२०८३ कार्तिक ३० गते सम्म ।
(च) अनिवार्य आवश्यक कागजात :–
  (अ) नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि (न पा भन्दा अन्यत्रको नागरिकता भएमा बसाइ सराइ वा स्थायी बसोबास प्रमाणित हुने कागजपत्र) ।
  (आ) लेखा मूल विषय भई न्यूनतम कक्षा १२ उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपि ।
  (इ) आधारभुत कम्प्युटर सिकेको प्रमाण पत्रको प्रतिलिपि ।
(छ) छनौट प्रकृया :– अन्तवार्ता ।
(ज) अन्तवार्ता मिति :– पछि जानकारी गराइनेछ।
(झ) तालिम संचालन हुने मिति :– २०८३ मंसिर १० गते देखि ।
(ञ) तालिम संचालन स्थान :– गोदावरी न पा १, अत्तरिया, कैलाली ।

नोट: कम्प्युटर accounting software सम्बन्धी ज्ञान भएकालाई प्राथमिकता दिईनेछ ।

थप जानकारीका लागि गोदावरी नगरपालिका रोजगार सेवा केन्द्र वा सम्पर्क नं. ०९१ ५०८००३ मा सम्पर्क गर्न सकिने छ ।

2083.07.16
उपसचिव